## मिति २०८०।०९।०९ गते बसेको निस्दी गाउँपालिकाको ४६ औं गाउँकार्यपालिका बैठकको निर्णयहरु

१. प्रस्ताव नं १ माथि छलफल गर्दा गत कार्यपालिका बैठकको निर्णय कार्यान्वयनको समिक्षा गरियो।गत कार्यपालिका बैठकको निर्णय कार्यान्वियनमा गइरहेको पाइयो ।

२. प्रस्ताव नं २ माथि छलफल गर्दा निस्दी गाउँपालिकामा रिक्त रहेको एक वडा एक प्राविधिक कृषि प्राविधिक सहायक चौथो - १ जना, पशु प्राविधिक सहायक चौथो - १ जना , सव इन्जिनीयर सहायक पाँचौ - २ जना पदपूर्ति गर्न गाउँ कार्यपालिकाको कार्यालयलाइ सिफारिस गर्ने निर्णय गरियो।

३. प्रस्ताव नं ३ माथि छलफल गर्दा नवप्रवर्तमा आधारित स्थानिय आर्थिक विकास कार्यक्रममा सहभागी हुन संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालय लाइ नवप्रवर्तमा आधारित स्थानिय आर्थिक विकास कार्यविधि २०८० को दफा ४२ बमोजिम १५ प्रतिशत लागत साझेदारी गर्ने र उक्त कार्यविधि पूर्ण पालना गर्ने गरि प्रस्ताव पेश गर्न गाउँ कार्यपालिकाको कार्यालयलाइ निर्देशन गर्ने सर्वसम्मत निर्णय गरियो ।

४. प्रस्ताव नं ४ माथि छलफल गर्दा निस्दी गाउँपालिकामा मगर भाषाको आधारभूत विद्यालय कक्षा १-३ को पाठ्यक्रम तर्जुमा गर्न आवश्यक प्रक्रिया अगाडी वढाउन गाउँ कार्यपालिकाको कार्यालयलाइ निर्देशन दिने निर्णय गरियो ।

५. प्रस्ताव नं ५ माथि छलफल गर्दा निस्दी गाउँपालिका वडा नं ३ क्याङरुङ्गमा मिति २०८०।०९।०७ गते भएको आगलागीमा ९ महिने शिशुको मृत्यू संगै घर गोठ पूर्ण रुपमा क्षति भएकोले तत्कालको लागी जिन्सी राहत खरिद गर्दा भएको खर्च रु ७७७५ अनुमोदन संगै थप राहत स्वरुप ३५ हजार बराबरको जिन्सी सामान प्रदान गर्ने निर्णय गरियो ।

६. प्रस्ताव नं ६ माथि छलफल गर्दा निस्दी गाउँपालिका वडा नं १ वाकामलाङ्गको डमरा लिफटिङ्ग सिचाइ योजनाको नाममा रु ३० लाख लुम्विनी प्रदेश सरकारबाट विनियोजन भएकोमा उक्त योजनाको नाम डमरा भोटाहा सिंचाइ योजना हुनुपर्नेमा त्रुटि भएकोले नाम संसोधनको लागी सम्वन्धीत निकायमा सिफारिस गर्न गाउँ कार्यपालिकाको कार्यालयलाइ सिफारिस गर्ने निर्णय गरियो ।

निस्दी -४ भोर्मा निवाशी फरक क्षमता भएका श्री हस्त बहादुर खाम्चा लाइ ह्विल चियर प्रदान गराए बापतको रु ३१००० भूक्तानी विविध खर्च शिर्षक बाट गर्ने निर्णय गरियो ।

मिति २०८०।०९।०९ गते बसेको गाउँ कार्यपालिका बैठकको निर्णय प्रमाणित

०८०।९।१६
ध्रुव दयाल
प्रमुख प्रशासकीय अधिकृत

निस्दी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
लुम्बिनी प्रदेश, नेपाल
मित्याल, पाल्पा